तनहुँ जिल्ला अदालत
दमौली

२०७५।५।१५

## तनहुँ जिल्ला अदालतबाट जारी भएको दशिका मोटरसाईकल वार्ताद्धरा लिलाम हुने बारेको सूचना !!! सूचना !!! सूचना !!!

उपरोक्त सम्वन्धमा विभिन्न मुद्दामा विभिन्न मितिहरुमा दसीका प्रमाण स्वरुप दाखिला हुन आई यस अदालतको जिन्सी कितावमा आम्दानी वाँधिएका तपसिलमा उल्लेखित दशीका थान-९ मोटरसाईकलहरु वार्षिक कार्य योजना अनुसार व्यवस्थापन गर्दै जाने लक्ष्य अनुरुप यस्ता जिन्सी सामानहरु अदालतका फैसला वा आदेशले फिर्ता पाउने वा फिर्ता दिन वाँकी भए १ (एक) महिना भित्र आवश्यक सवुत प्रमाण सहित फिर्ता वुझिलिन आउनुहोला भनि साविक जिल्ला अदालत नियमावली २०५२ को नियम ९० (क)(ख) वमोजिम मिति २०७४।११।१५ मा सुचना प्रकाशित गरिएकोमा कुनै व्यक्ति सुचना प्रकाशित मितिले १(एक) महिना भित्र लिलाम गर्न लागिएका जिन्सी सामानहरु मध्येका मोटरसाईकलहरु फिर्तालिन नआएका र उक्त सामानहरु लिलाम विक्री गरी उचित व्यवस्थापन गर्नु भन्ने यस अदालतको मिति २०७५।०१।०३ गतेको टिप्पणी आदेशानुसार लिलाम हुने सामानहरुको मिति २०७५।०२।२२ मा जिन्सी मुल्याङकन समितिवाट मुल्याङकन भैसकेकाले उक्त मुल्याङकन समितिले मुल्याङकन गरेको न्यूनतम मुल्य नघट्ने गरी लिलाम वढावढको लागी पहिलो पटक मिति २०७५।०३।२८ मा र पुन :दोस्रो पटक मिती २०७५।०४।०६ मा लिलाम वढावढ हुने गरी सुचना प्रकाशित गरिएकोमा उक्त मितीमा समेत लिलाममा चढाईका समान मध्ये थान – ९ मोटरसाईकल लिलाम हुन नसकेकाले हाल परिवर्तित जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ को उपनियम ११ अनुसार वार्ताद्धारा लिलाम विक्री गर्नका लागी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। अतःलिलाम वढावढ कार्यमा भाग लिन चाहेने व्यक्तिहरुले तपसिल वमोजिमको मिति, स्थान र समयमा सम्पर्क गर्नुहोला।

### तपसिल

**१)लिलाम हुने मितिः- २०७५।०५।३१ गते आईतवार।**
**२) स्थानः- तनहुँ जिल्ला अदालत, तहसिल शाखा।**
**३) सम्पर्क समयः- दिउँसो २.०० वजे सम्म (निवेदन दर्ता भई सक्नु पर्ने)।**
**४) लिलाम समयः- दिउँसो २.०० वजे देखि ५.०० वजे सम्म।**

उपरोक्त मिति र समयभित्र लिलाम सकार गर्न ईच्छुक व्यक्तिहरु यस अदालतको तहसिल शाखामा सम्पर्क गर्नुहोला। उक्त समयभित्र सम्पर्क गर्ने व्यक्तिहरुलाई विभिन्न कार्यालय तथा स्थानिय निकायका प्रतिनिधी को रोहवर मा वार्ताद्धारा कायम गरिएको मुल्यमा लिलाम वढावढ गराईनेछ। जसले सवै भन्दा वढी मुल्यमा लिलाम सकार गर्छ निज व्यक्तिलाई लिलाम सकार गराईदिईनेछ। लिलाम सकार गर्ने व्यक्तिले लिलाम सकार गरेको अंकको १०% रकम तुरुन्त धरौटी राख्नु पर्नेछ र वाँकी रकम लिलाम सकार गरेको ७(सात) दिन भित्र वुझाई लिलाम भएका मोटरसाईकल उठाई लानु पर्ने छ। सात दिन भित्र वाँकी रकम नवुझाएमा उक्त धरौटी राखेको १०% रकम जफत हुनेछ। साथै लिलाम सकार गरेको अंकको लाग्ने अभिवृदी कर र लिलाम सकार गरे देखी लाग्ने नामसारी दस्तुर(शुल्क) लिलाम सकार गर्ने व्यक्ती ले नै तिर्नुपर्ने छ। लिलाम हुने सामानहरुको विवरण आवश्यक परेमा तथा लिलाम सम्चन्धि अन्य जानकारी आवश्यक भएमा यस तनहुँ जिल्ला अदालतमा सम्पर्क गर्नुहोला।

**पुनश्चः- लिलाम वढावढमा भाग लिन्न ईच्छुक व्यक्तिले निवेदन सहित नागरिकताको फोटोकपी पेश गर्नु पर्नेछ।**

ईति सम्वत् २०७५ साल भाद्र महिना १४ गते रोज ५ शुभम् ..........................................।